नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चितवन

फोनः ०५६-५२०१०५
०५६-५२०११८
०५६-५२१९४४
०५६-५३३७३०
फ्याक्सः०५६-५२०७४७

प.सं. ०७६/०७७ च.नं. ४२० मितिः-२०७६।०४।२६

# सूचना

महिलाहरुको महान चाड हरितालिका तिज नजिकिदै गइरहेको छ । विगत केही वर्ष यता हरितालिका तिज पर्व मनाउने नाममा विभिन्न तडक भडक सहितका अत्यन्त खर्चिला कार्यक्रम गर्ने गरेकोमा विगत ४/५ वर्ष देखि यस कार्यालयले त्यस्ता भडकिला कार्यक्रम नगर्न नगराउन सूचना जारी गरेपछि यस्ता क्रियाकलापहरुमा कमी आएको छ ।

यस्ता धार्मिक, सामाजिक तथा सांस्कृतिक पर्वहरु मनाउने सम्बन्धमा सामाजिक व्यवहार (सुधार) ऐन र नियमावली, २०३३ ले व्यवस्थित र नियमित गरेको छ । तसर्थ आफ्नो परम्परा, सामाजिक रिति रिवाजलाई निरन्तरता दिने बाहेक अन्य कुनै पनि खालका खर्चिला तथा महंगा तिजसंग सम्बन्धित कार्यक्रम संचालन नगर्न नगराउनु हुन सम्पूर्ण जिल्लाबासीहरुमा अनुरोध गरिन्छ । सुसंस्कार कायम गर्ने यस कार्यमा राजनीतिक दल, नागरिक समाज, पेशागत संघ संस्थाहरु, संचारकर्मीहरु र महिला संजाल तथा सम्पूर्ण जिल्लाबासीहरुबाट सहयोगको अपेक्षा गरिएको छ । ऐन नियमको विपरित हुने गरी कोही कसैले अनावश्यक भडकिलो रुपमा तामझाम, तडकभडक र खर्चिलो हुने गरी तिज कार्यक्रमहरु गरे गराएमा कानून बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

२०७६।४।२६

जनक राज पन्त
सहायक प्रमुख जिल्ला अधिकारी